बैठक मिति: २०७९/७/१७
बैठक संख्या: ४

**छलफल तथा निर्णय:**

१. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलले आफ्नो पदबाट राजिनामा दिनु भएकोले उहाँलाई सफल कार्यकालको लागि धन्यवाद दिइयो।
२. राष्ट्रिय योजना आयोगका बरिष्ठ सदस्य तथा प्रवक्ता डा. दिलबहादुर गुरूङ अर्को व्यवस्था नभए सम्मका लागि उपाध्यक्षको रूपमा कामकाज गर्न तोकिनु भएकोले आयोगको प्रवक्तामा माननीय सदस्य डा. राम कुमार फुयाललाई तोक्ने निर्णय गरियो।
३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयको सातदोबाटो-माडीचौर-घर्तीगाउँ-पातीहाल्ने-बागचौर सडक खण्ड ७६.५० कि.मि. स्तरोन्नती कार्य गर्न रू.९ अर्ब ६७ करोड ३ लाख बराबरको बहुवर्षीय ठेक्का सहमतिको लागि अनुरोध भई आएकोमा नपुग कागजात प्राप्त भएपछि स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने ।
४. बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि हालको बजेट/स्रोत कम (Funding Gap) भएकोले अमेरिकी सहयोग नियोग (USAID) मार्फत प्रस्तावित सुआहारा तेस्रो तथा अन्य स्वास्थ्य तथा कुपोषण अन्त्य सम्बन्धी आयोजनाको लागि प्राप्त हुने रकम मध्ये संभव भएसम्मको अधिकतम रकम On budget on treasury system मार्फत नेपाल सरकारलाई बजेटरी सहयोगका रुपमा प्राप्त हुने गरी USAID सँग वार्ता गरी सोही अनुरुप वित्तीय संझौता (Financial Agreement) गर्ने व्यवस्था हुन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।
५. राष्ट्रिय योजना आयोगले तयार पारेको सामाजिक सुरक्षा संरचना स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाउने।